हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

वर्ष : ०१ अंक : ६२ पृष्ठ : ४ २०७७ भदौ ३० गते मंगलबार (Tuesday 15 September 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost




• मुख्यमन्त्री राउत सिरहामा •

## उद्योगले कब्जा गरेको भनिएको जग्गा बारे स्थलगत अनुगमन

सिरहा । केही दिन यता मारुती सिमेन्ट उद्योगले जग्गा कब्जा गरेको विषयमा भइरहेको विरोधलाई लिएर प्रदेश २ का मुख्यमन्त्री सहितको टोलीले सोमबार स्थलगत अनुगमन गरेका छन् ।

मुख्यमन्त्री लालबाबु राउतले चोहर्वा आएर मारुती सिमेन्ट उद्योगले जग्गा कब्जा गरेको विषयमा भइरहेको विरोधको सन्दर्भमा जानकारी लिएका हुन् । आन्दोलनरत समूहलाई सम्बोधन गर्दै उनले मारुतीको कब्जामा रहेको वनको जग्गा फिर्ता गरिने बताएका छन् ।

'अतिक्रमित जग्गा यथाशीघ्र सार्वजनिक गर्न र अन्य मागका विषयमा पनि मैले सम्बन्धित निकायका अधिकारीलाई निर्देशन दिइसकेँ ' मुख्यमन्त्री राउतले भने, 'यो जग्गा सार्वजनिक हुन्छ, प्रदेश सरकारले गराउँछ, तपाईहरूलाई यो विश्वास दिलाउन चाहन्छु ।'

मुख्यमन्त्री राउतले अतिक्रमित जग्गा अविलम्ब फिर्ता गराउन अधिकारीहरूलाई निर्देशन दिँदै आवश्यक पर्ने हरेक प्रकारको सहयोग र निर्णय गर्न प्रदेश सरकार तयार रहेको बताए । उनले जग्गा फिर्ता मात्र नभई विगतमा जालझेल गरेकाहरुमाथि कारवाहीको प्रक्रिया थाल्नसमेत निर्देश गरे ।

राज्यको सम्पत्ति कसैले पनि अतिक्रमण गर्न नपाउने र प्रदेश सरकारले कसैको त्यो प्रयास सफल पनि हुन उनले नदिने बताए । विगतमा विभिन्न जालझेल गरि अतिक्रमण गरिएको जग्गा क्रमशः तत्काल अतिक्रमण मुक्त हुने आश्वासन समेत उनले दिए ।

यहाँका जनताले सार्वजनिक जग्गाको लागि तथा उद्योगले पुर्याइरहेको क्षति बन्द गर्न आवाज उठाएकोमा स्थानीयहरुलाई उनले



धन्यवादसमेत दिए । यस्तै, प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण राज्यमन्त्री सुरेश कुमार मण्डलले सुकुम्वासी समस्या सामाधान आयोगताका सार्वजनिक जग्गामा लुट भएको बताए । सामुदाय स्तरमा यो समस्या झन कहालीलाग्दो रहेको उनको भनाइ छ । विभिन्न व्यक्ति तथा संघ संस्थाद्वारा निजीकरण गरि कब्जा गरिएको सार्वजनिक जग्गाहरु फिर्ता ल्याउनका लागि चाँसोसाथ लाग्न सम्बन्धित अधिकारीहरूलाई आग्रह गर्दै उनले प्रदेश सरकार आवश्यक सहयोगको लागि साथमा रहने प्रतिवद्धता जाहेर गरे । सिरहाका विभिन्न स्थानका सार्वजनिक जग्गा तथा निजीकरण गरिएका जग्गाहरुका विषयमा जानकारी गराउन आफूले सम्बन्धित निकायहरुलाई निर्देशन दिइसकेको प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलले बताए । टोलीमा मुख्यमन्त्री राउतसहित उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री रामनरेश राय, राज्यमन्त्री सुरेश कुमार

बाँकी ४ पेजमा

## कोरोना संक्रमणबाट सिरहामा १ महिलाको मृत्यु

सिरहा । कोरोना संक्रमणबाट सिरहामा थप एक महिलाको मृत्यु भएको छ । जिल्ला स्वास्थ्य कार्यालय सिरहाका प्रमुख कृष्णदेव यादवका अनुसार कर्जन्हा नगरपालिका-२ बन्दीपुरकी ३५ वर्षीया महिलाको कोरोना संक्रमणबाट मृत्यु भएको हो ।

कर्जन्हा नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख जगदिश मण्डलका अनुसार ग्याष्टिक समस्यासँगै ज्वरो आएपछि शनिबार जनकपुरस्थित काब्या अस्पतालमा ती महिलालाई उपचारका लागि भर्ना गरिएको थियो । त्यहूबाट थप उपचारका लागि रेफर गर्ने क्रममा पीसीआर परीक्षण गर्दा कोरोना पुष्टि भएपछि कोरोना प्रादेशिक अस्पतालमा आइतबार बिहान १० बजे भर्ना गरिएको थियो ।

उपचारकै क्रममा आइतबार साँझ ६ बजे मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालय सिरहाका प्रमुख कृष्णदेव यादवले जानकारी दिए । यससँगै कोरोना भाइरसको संक्रमणबाट सिरहामा मृत्यु हुनेको संख्या ११ पुगेको छ ।

भित्री पृष्ठमा

नेपालको चुनौति र गान्धीवाद
पेज २ मा

स्थानीय सरकार ! खोइ सिंहदरबार ?
स्तम्भ : पालिका बहस
पेज ४ मा

## खानेपानीमा खेलाँची

• एउटा पूरा नहुँदै अर्को आयोजना सुरु गरिन्छ, • सिरहाको ६५ वटा आयोजना वर्षौ बित्दा सम्पन्न भएनन्

**आयोजना : एक**

सीमावर्ती भगवानपुर गाउँपालिका-५ इर्नवा गाउँमा ०६३ सालदेखि नै खानेपानी आयोजना निर्माण सुरु भयो । ५ वर्षमा सम्पन्न हुनुपर्ने आयोजना १४ वर्ष पुग्न लाग्दापनि पूरा भएको छैन् । पानी तान्न ३६ लाख रूपैयाँ खर्चेर २ वटा बोरिंग गरियो । 'ओभरहेड ट्यांक' बनेको छ । कार्यालयको लागि पक्की घर पनि निर्माण गरिएको छ । आयोजनामा हालसम्म १ करोड २५ लाख रूपैयाँ खर्च भएको छ । ३ हजार घरपरिवारमा पानी पुऱ्याउने सर्वे गरिएको थियो । २ वर्षपहिले पाइप जडानको कार्य सुरु भयो तर, पूरा अझै भएको छैन् । पाइप गाड्न खाल्टो खनियो । १ हजार घरपरिवार सम्म पुग्ने पाइप हालियो तर, खाल्टो पुरिएनन् । त्यतिकै पाइप छरिएको छ । खानेपानी कार्यालयको कारण आयोजना पूरा हुन नसकेको खानेपानी उपभोक्ता समितिको अध्यक्ष बुव्देश्वर यादवको भनाइ छ ।

**आयोजना : दुई**

लहान नगरपालिका-२४ मल्हनवा गाउँमा ०६९/०७० सालमा खानेपानी आयोजना सुरु भयो । त्यहाँपनि कमाउण्ड वाल निर्माण गरिएको छ । खानेपानीका लागि बोरिंग गरिएको छ । पक्की घर बनेको





छ । एक करोड भन्दा बढी खर्चेर 'ओभरहेड ट्यांक' बनाइएको छ । विद्युतिकरणको काम पनि भएको छ । तर, घरघरमा धाराको माध्यमले पानी पुऱ्याउने पाइप जडान गरिएको छैन् । 'गाउँमा खानेपानी अभाव छ ।

**आयोजना : तीन**

लहान नगरपालिका-१४ बस्तीपुर गाउँमा ३ वर्षअघि देखि खानेपानी आयोजना निर्माण सुरु भयो । त्यसमा 'ओभरहेड ट्यांक' बनिसकेको छ । खानेपानीका लागि पूर्वाधार तयारी अवस्थामा छन् । तर, काम अलपत्र छन् ।

**आयोजना : चार**

लहान नगरपालिका-१३ सरस्वती टोलमा २०७१ सालमा फनबोर्ड एनजिओले ५० लाख खर्चेर खानेपानी आयोजना सुरु

बाँकी ४ पेजमा




फ्रेन्डस मोडल हस्पिटल, लहान-३

(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरू

NICU सहितको प्रसुति सेवा

२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरू

बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव

मधुमेह, प्रेसर डा. ल्युस्युन यादव

प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## जवाफदेही बन स्थानीय सरकार

शक्तिमा हुनेहरुले आफूले गरेको कार्यहरुका लागि जिम्मेवार हुनु वा जिम्मेवारी लिनुपर्ने कर्तव्य नै जवाफदेहिता हो । शक्तिमा हुनेहरु भन्नाले प्रशासनिक, राजनीतिक, वित्तीय वा अन्य कुनै पनि किसिमको भूमिकामा रहेका शक्तिहरु भन्ने बुझिन्छ । यसमा सरकारी निकाय, कर्मचारीहरु, निजी संस्थाहरु, अन्तर्राष्ट्रिय संस्थाहरु तथा नागरिक समाजका संस्था तथा संगठनहरु समेत पर्दछन् ।

हालका स्थानीय सरकार र निर्वाचित जनप्रतिनिधिहरु जवाफदेहिताको मुख्य भूमिकामा पर्दछन् । जवाफदेहितालाई लोकतन्त्रको एक आधारभूत सिद्धान्तको रुपमा लिईन्छ । नागरिकलाई जवाफदेहिताको माग गर्ने अधिकार छ साथै सरोकारवाला प्रति जवाफदेही हुनु पर्ने दायित्व समेत रहेको छ । सार्वजनिक निकाय तथा पदाधिकारीहरु आफ्ना व्यवहार र कार्य सम्पादनप्रति जवाफदेही हुनु पर्ने हुन्छ । कानुनको पालना गर्नु, आफ्नो अधिकारको दुरुपयोग नगर्नु र सार्वजनिक हितका कुरालाई कार्यदक्षता, प्रभावकारिता र निष्पक्षताका साथ सम्बोधन गर्न उनीहरु जवाफदेही हुनु पर्दछ ।

यस भूमिकामा हालको स्थानीय सरकार र निर्वाचित जनप्रतिनिधिहरुको जवाफदेहिता झनै पेचिलो र महत्वपूर्ण रहेको छ । विगतको केन्द्रीकृत शासन व्यवस्थालाई विदाइ गर्दै मुलुकले संघीय शासन व्यवस्थाको अभ्यासको थालनीसँगै मुलुकको शासन भारलाई तीन तहमा वर्गीकरणसँगै स्थानीय तहले नागरिकमैत्री ढंगले सञ्चालन र सम्पादन गरि सिंहदरबारको अधिकार घर घरमा पुऱ्याएको, पुगेको र सबै स्थानीय नागरिकहरुले प्राप्त गरेको अनुभूति सहितको पूर्ण् सन्तुष्टिको प्रत्याभूति हुनु आवश्यक छ । र, स्थानीय सरकारहरुका लागि तोकिएका जिम्मेवारी र अधिकारहरु समयमै पूरा गरि पारदर्शी र जवाफदेही सरकारको तहबाट सेवा प्रवाहले नै मुलुकलाई सुशासनको दिशा तर्फ डोऱ्याउँछ ।

सुशासन, जवाफदेहिता र पारदर्शिता प्रबर्दधन गर्नु शासनका सबै तहको प्रमुख दायित्व रहेको छ । सबै तहले सुशासन, जवाफदेहिता र पारदर्शिता प्रबर्द्धनका लागि ऐन कानुनले मार्गदर्शन गरेअनुरुप स्थानीय तहहरुले काम गर्नुपर्ने हुन्छ । नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले २०७४ मंसिर ११ मा जारी गरेको सुशासन प्रवर्द्धन रणनीति तथा कार्ययोजना, २०७४ को समेत स्थानीय सरकार तथा अन्य सार्वजनिक निकायहरुले पूर्ण परिपालना गर्दै वित्तीय सुशासन कायम गर्न, सेवा प्रवाहलाई जनमैत्री बनाउन र समग्र सुशासनको अभ्यासलाई स्थानीय सरकारको एक अभिन्न अंगको रुपमा स्थापित गर्न सहयोग पुगोस भन्ने अभिप्रायले उत्तरदायी सरकारको अवधारणालाई आत्मसात गर्दै सस्थागत रुपमा सुशासन कायम गर्ने दूरदृष्टि राखेको छ ।

सोही अनुरुप स्थानीय तहले उत्तरदायित्व र सदाचार व्यवस्थापन गर्न रणनीति निर्माण गर्नुपर्ने, पदाधिकारी र कर्मचारीहरुको जिम्मेवारी निर्धारण र मूल्यांकनको व्यवस्था कार्यान्वयन गर्नुपर्ने, सेवा प्रवाह, वित्तीय अनुशासन र जोखिम न्यूनीकरण, विद्युतीय सुशासन, गुनासो सुनुवाइ, सुझाब पेटिकाको प्रभावकारी कार्यान्वयन, पृष्ठपोषण प्रणाली, प्रभावकारी अनुगमन, लगायत नागरिक निगरानीका लागि यस कार्ययोजना, २०७४ मा निर्दिष्ट गरिएका कार्यहरु कार्यान्वयन गर्नु प्रमुख जिम्मेवारी रहेको छ ।

यसैप्रकार सेवा प्रवाहमा नागरिकका सन्तुष्टि र असन्तुष्टिहरु के रहेका छन् भनी सेवा सुधारका लागि सेवा प्रदायक, सेवाग्राही र नागरिकका प्रतिनिधिहरुका बीच सहभागितात्मक अन्तरक्रियाका लागि सामाजिक जवाफदेहिताका विभिन्न औजारहरु (सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, नागरिक वडापत्र, गुनासो पेटिका लगायत अन्य) को प्रभावकारी एवं नतीजामुखी ढंगले कार्यान्वयन गर्नुपर्ने भूमिका सहितको अबको मुख्य दायित्व स्थानीय सरकारमा आएको छ ।

जिल्लाको मिर्चैया नगरपालिकामा केही दिन यता विरोधका कार्यक्रम हुँदै आएका छन् । उनीहरुले चरणवद्ध रुपमा विरोध जनाउँदै आएका छन् । तसर्थ जिम्मेवार निकायले नागरिक अधिकारका रक्षार्थका लागि उठान भएका विरोधका स्वरहरुलाई सम्बोधन गर्न जरुरी छ ।

जसले स्थानीय सरकारका लागि गम्भीर प्रश्न चिन्ह खडा गराइ जवाफदेहिताका सवालमा आवाज उठाएका हुन् । त्यसैले स्थानीय सरकार र जननिर्वाचित प्रतिनिधि साथै सबै पक्ष जवाफदेहिता प्रवर्द्धनको सवालमा गम्भीर हुन आवश्यक छ ।

# नेपालको चुनौति र गान्धीवाद

## बिपी कोइराला राजनीतिक अभिलेख

*अघिल्लो अंकको बाँकी*

गान्धीवादको अर्को मूलभूत सिद्धान्त 'विकेन्द्रीकरण' हो । यो नागरिकको स्वतन्त्रताको प्रश्नसँग गाँसिएर आउँछ । गान्धीका अनुसार नागरिक एउटा मनुष्यबाट विराट आर्थिक यन्त्रमा काम गर्ने पुर्जामा परिणत हुन्छ । तर, मजदुर मानिएको त्यस पुर्जालाई यन्त्रको समग्र प्रणालीको परिचालनको विषयमा ज्ञान छैन, त्यस आर्थिक यन्त्रमा उसको स्वामित्व छैन र आफूसँग तादात्म्य नभएको एउटा सानो अर्को पुर्जालाई दिन प्रतिदिन चलाउने एउटै किसिमको पट्यार लाग्ने काम गर्नुपर्छ भने त्यस अवस्थामा नागरिकको प्रजातान्त्रिक अधिकारको केही अर्थ हुँदैन । गान्धीवादको दृष्टिमा ठूलाठूला उत्पादन केन्द्र र उद्योगधन्दा दुई किसिमका अपराधको कारण बन्छन् । पहिलो, ठूलाठूला उत्पादन केन्द्र र उद्योगधन्दाको विस्तारले मानिसको महत्व घटाउँछ । एउटा व्यक्ति मेसिनको सानो पुर्जालाई यन्त्रवत् चलाउने एउटा साधन मात्र हुन पुग्छ । उसका लागि 'काम' आत्माभिव्यक्तिको एउटा सुखद् अवसर र आत्मसन्तोषको साधन हुनुको साटो अल्छीलाग्दो निरस चाकरीजस्तो हुन्छ । कारखानामा काम गर्ने मजदुर आफैँमा कालिगढ हुँदैन । उसलाई आफ्नो उत्पादनप्रति कुनै चाख रहँदैन । यहाँसम्म कि कारखानामा स्वयम् आफैँले उत्पादन गरेका सामानलाई समेत उसले बजारमा चिन्न सक्तैन । दोस्रो, ठूला-ठूला उद्योगधन्दाहरूले उपभोग्य वस्तु र सेवाहरूको उत्पादनको ठूलो परिमाणमा एकलौटी नियन्त्रण राख्छन् । तसर्थ, त्यस्ता उद्योगधन्दाहरूका अनैतिक व्यवस्थापनले एकतन्त्री हुकुमी शासनको हितमा सारा समाजलाई बन्धक बनाउन पनि सक्छन् । त्यस्ता उद्योगधन्दाले अरू केही नबिगारे पनि समाजको आर्थिक शोषण त अवश्य गर्छन् । एउटा रेलको सञ्चालन रोकियो भने त्यसले समाजको सारा आर्थिक व्यवस्था नै छिन्नभिन्न पार्न सक्छ । कुनै कारणले एउटा पारवहन सेवा बन्द हुनगयो भने अनेक महत्वपूर्ण कारखाना ठप्प हुन्छन् र समाजमा धेरैजसो आवश्यकताको पूर्ति हुन सक्तैन । त्यसो हुनाले विभिन्न शक्तिशाली मुलुकका सैन्य मुख्यालयमा युद्धका समयमा शत्रु मुलुकका आर्थिक महत्वका पूर्वनिश्चित निसानामा चलाखीसँग बम खसालेर उसको आर्थिक व्यवस्थालाई छिन्नभिन्न पार्न सकिने किसिमका सामरिक योजनाहरू यस समय तयार रहेको पुष्टि गर्ने विश्वस्त प्रतिवेदनहरू प्रकाशित भइरहेका छन् ।

अहिलेको युगमा अनुकूल आर्थिक आधार पायो भने मात्र तानाशाह र सर्वसत्तावादी राज्य जन्मिन र हुर्किन सक्छ । त्यस्ता तानाशाही व्यवस्थाको प्रादुर्भावका लागि त्यसअनुकूल आर्थिक क्षेत्र तयार भइसकेको हुनुपर्छ । वर्तमान सर्वसत्तावादी तानाशाह र पहिलेका स्वेच्छाचारी शासकहरूमा गुणात्मक भेद पाइन्छ । तानाशाही व्यवस्थाले जुनसुकै विचारधारा अँगालेको भए पनि त्यसले अत्याचारी र निरङ्कुश दमनको चरित्र अँगालेको हुन्छ । त्यस्तो तानाशाही व्यवस्था जन्मनु वर्तमान युगको अद्भूत घटना हो । वर्तमान तानाशाही व्यवस्थाको तुलनामा पहिले-पहिलेका हुकुमी शासन व्यवस्थाको अत्याचारको प्रभाव नगण्य थियो । यस समयका व्यापकरूपमा सङ्गठित भएको आर्थिक व्यवस्थाको केन्द्रीकृत उत्पादन-प्रणालीले तानाशाहको सामर्थ्य र सुरक्षामा ठूलो सहयोग दिने गर्छ । तर, विकेन्द्रित आर्थिक व्यवस्थामा भने तानाशाहसँग जनतामाथि दमन र अत्याचारको चक्र चलाउन एउटा हतियारको अभाव हुन्छ । यसो भन्नुको तात्पर्य तानाशाहसँग अनुकूल आर्थिक आधारको अभावमा जनतामाथि आतङ्क र अत्याचार गर्ने हतियारको अभाव हुन्छ भन्न खोजिएको होइन । मुलुकको आर्थिक स्थिति सामन्ती कृषिको स्तरभन्दा माथि नउठेको भए पनि त्यहाँका तानाशाहलाई दमन र अत्याचारको व्यवस्था कायम राख्न विदेशी प्रविधि र सहयोग सजिलै उपलब्ध हुन्छ । गान्धीले विवेचनाका लागि प्रस्तुत गर्नुभएको प्रस्तावमा भन्नुभएको छ, 'समाजको अर्थ-प्रणाली विकेन्द्रित भएको अवस्थामा तानाशाहले जनतामाथि अत्याचार गर्ने एउटा भीषण आर्थिक हतियार भने पाउन सक्तैन ।'

गान्धीको प्रारम्भिक चिन्तनको मुख्य लक्ष्य रहेको कुरा व्यक्तिको स्वतन्त्रता हो । यस स्वतन्त्रताका सन्दर्भमा निर्माण हुने विकेन्द्रित राजनीतिक व्यवस्थाको प्रश्नमा पनि यही तर्क लागू हुन्छ । विकेन्द्रित राजनीतिक व्यवस्थामा सत्ताको शक्ति र अधिकार नीति-निर्धारण तथा कार्यसम्पादन गर्ने पूर्ण स्वतन्त्रतासहित अनेक संघ-संस्थाहरूमा बाँडिएको हुन्छ । त्यस्तो विकेन्द्रित राजनीतिक स्थितिले एकतन्त्री तानाशाहको प्रादुर्भाव नै हुन दिँदैन । कथंकदाचित् त्यस्तो तानाशाहको जन्म भइहाल्यो भने पनि उसले सफलतापूर्वक दमनचक्र चलाउन सक्तैन । गान्धी राज्यशक्तिप्रति स्वस्थ विरोधको भावना राख्नुहुन्थ्यो । उहाँमा आदर्शवादी अराजकताको प्रवृत्ति पनि थियो । त्यसैकारण गान्धी विकेन्द्रित राजनीतिक प्रणालीमा खूब जोड दिनुहुन्थ्यो । यसलाई उहाँले आधुनिक राज्यको अत्यधिक प्रभुत्व घटाउने योजनाका रूपमा लिनुभएको थियो । लेनिनको 'राज्य स्वतः निष्क्रिय हुँदै वर्गविहीन समाजमा बिलाएर जान्छ' भन्ने मान्यतालाई प्रतिध्वनित गर्दै गान्धीले भन्नुभएको छ, 'राज्य हिंसाको सारभूत र सङ्गठित रूप हो । व्यक्तिको आत्मा हुन्छ, तर राज्य भने हिंसाका माध्यमबाट टिक्ने आत्माविहीन यन्त्र मात्र हो र त्यसलाई समाप्त पार्न सकिँदैन ।' राज्य बिलाएर जाँदैन भने कमसेकम त्यसलाई कमजोर त पार्नुपर्छ-पर्छ भन्ने गान्धीको प्रस्ट विचार थियो । (एन.के. बोस, गान्धीवादको अध्ययन)

गान्धीवादी स्थापनाका दुई महत्वपूर्ण विचारवस्तु अहिंसा र विकेन्द्रीकरणको विषयमा भनिसकेपछि अब म मेरो मुलुक नेपालको सामाजिक-राजनीतिक स्थितिको तस्बिर प्रस्तुत गर्दै गान्धीवादी सिद्धान्तको परीक्षणको सन्दर्भमा विवेचना गर्न चाहन्छु ।

नेपाल एउटा स्वचेच्छाचारी राजाबाट आधुनिक तानाशाहको ढाँचामा शासित भइरहेको छ । राजाले एउटा राजनीतिक व्यवस्था रचेका छन्, जसलाई पञ्चायत प्रजातन्त्र भन्ने मीठो संज्ञा दिइएको छ । राजाको सत्ताको वास्तविक आधार सेना हो । सेनाका पल्टन अङ्गरक्षक दल र शाही सेना दुई किसिमका छन् । अङ्गरक्षक दल दरबारको विशाल परिसरभित्रै बस्ने एक विशिष्ट सेनाको टुकडी हो । त्यो आधुनिक हतियारले सुसज्जित छ, त्यसलाई पुलपुल्याएर राखिएको छ र उसको दिमागमा राजा बनेका व्यक्तिप्रति बफादारीको भावना खाँदी-खाँदी भरिदिइएको छ । सेना भने दरबारबाहिरको पल्टन हो । यसलाई पनि आधुनिक हातहतियारले सजाएर राखिएको छ । राजाले जनताको पक्षमा निर्णय नलिएको समयमा राजाको पक्षपोषण गरिरहेको यो सेनाले जनतालाई आतङ्कित पार्न र दमन गर्नलाई आवश्यकताभन्दा कैयौं गुणा बढी शक्ति पाएको छ । तसर्थ, यसको चरित्रअनुसार यो देश-रक्षा गर्ने सेना नभएर देशलाई कब्जामा राख्ने पल्टन भएको छ । यस्तो स्वभाव र झुकावको चरित्रलाई स्वीकार गरेर नै सेनाले कानुनीरूपमै यसको पहिलेको नाम राष्ट्रिय सेना परिवर्तन गरी 'शाही सेना' को नाउँ पाएको छ । राजाको हुकुमी शासनलाई अनुकूलता प्रदान गर्न 'पञ्चायत प्रजातन्त्र'को राजनीतिक आवरण निक्कै कुशलतापूर्वक तयार पारिएको छ । म यहाँ यस कुरालाई विशेषरूपले उल्लेख गर्न आवश्यक ठान्छु । त्यसको कारण के हो भने अति तृप्त भएर हो वा आफ्नो देशको प्रजातान्त्रिक पद्धतिको दोषपूर्ण सञ्चालनले विरक्तिएर हो वा अझ राम्रो पद्धतिको खोजीमा तल्लीन भएर हो, तानाशाहहरूबाट फैलाइएका भ्रम र उनीहरूले आफ्नो कुत्सित राजनीतिक उद्देश्यअनुरूप अघि सारेका पञ्चायत, स्थानीय तहलगायतका देखावटी व्यवस्था र कर्णप्रिय नाउँप्रति हिन्दुस्तान र अरू प्रजातान्त्रिक देशका केही राजनीतिक विचारकहरू आकर्षित भएका देखिन्छन् । तर, नेपालको पञ्चायती प्रजातन्त्र 'पञ्चायत' शब्दको अर्थअनुरूपको पञ्चायती व्यवस्था पनि होइन । यो नागरिक स्वतन्त्रता र कानुनी राजजस्ता प्रजातन्त्रका आधारशिला भएको व्यवस्था पनि होइन । नेपालमा कुनै पनि राजनीतिक दललाई सङ्गठनको अधिकार र प्रेस स्वतन्त्रता छैन । त्यहाँ सरकारबाट पूर्वस्वीकृति नलिई पत्रपत्रिका, पुस्तिका वा कुनै प्रकारका प्रकाशनहरू गर्न पाइँदैन । व्यक्तिगतरूपले होस् वा सामूहिकरूपले, कसैले पनि राजा र उनले लादेको व्यवस्थाविरुद्ध एक शब्द उच्चारण गर्न पाउँदैन । सरकारी चाहना र विशेष अनुमति नभई कसैले सभाको आयोजना गर्न पाउँदैन । बाहिरबाट देखिँदा राष्ट्रिय पञ्चायतको चुनाव कमसेकम मुठ्ठीभर निर्वाचकहरूबाट हुन्छ । तर, यथार्थमा यो एउटा राजाबाट मनोनीत सभा मात्र हो । किनभने राजाप्रति सोझै उत्तरदायी हुने अञ्चलाधीश पञ्चायती धुरीको एउटा मुख्य किलो हो र उसको आशीर्वाद नपाई कोही पनि निर्वाचित हुने सम्भावना नै रहँदैन । राष्ट्रिय पञ्चायतको बैठक खुला हुँदैन । त्यसबाट राजाप्रतिको राष्ट्रिय पञ्चायतको बफादारी र आज्ञाकारिता दोहोऱ्याएर सुरक्षित राख्न र

———बाँकी ३ पेजमा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाईरसबाट बच्ने उपायहरू :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य नजिकको संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाईरसबाट बच्ने उपायहरू :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य नजिकको संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

# प्रदेश २ का २८ जना पत्रकारमा कोरोना भाइरस संक्रमण

**काठमाडौं ।** प्रदेश २ का २८ जनासहित देशभर अहिलेसम्म १०२ जना पत्रकारमा कोरोना भाइरस पुष्टि भएको छ ।

सबैभन्दा बढी प्रदेश २ कै पत्रकार संक्रमित पाइएको नेपाल पत्रकार महासंघले जनाएको छ । महासंघका अनुसार प्रदेश १ मा १७, वाग्मती प्रदेशमा २६, गण्डकी प्रदेशमा १५, प्रदेश ५ मा १२ र कर्णाली प्रदेशमा चार जनामा कोरोना पुष्टि भएको छ । महासंघका सचिव प्रकाश थापाले दिएको जानकारी अनुसार सुदूर पश्चिम कुनै पनि पत्रकारमा कोरोना पुष्टि भएको छैन । संक्रमितमध्ये केही निको भइसकेका छन् भने केही उपचाररत अवस्थामा रहेको उनको भनाइ छ । कार्यस्थलमा गई खटिने पत्रकार, फोटो पत्रकारमा बढी संक्रमण देखिएको महासंघका महासचिव रमेश विष्टले जानकारी दिए । कतिपय पत्रकार संक्रमित भएर आइसोलेशनमा बस्दा पनि कामलाई भने निरन्तरता दिएका छन् । सबैभन्दा बढी प्रदेश २ कै पत्रकार संक्रमित पाइएको नेपाल पत्रकार महासंघले जनाएको छ । महा

# कारबाही माग

**धनगढी ।** सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टले सञ्चार गृहमै गएर पत्रकारमाथि कुटपिट गर्नेलाई कारबाही हुने बताएका छन् । सोमबार नेपाल पत्रकार महासंघ कैलाली शाखाको ध्यानाकर्षण पत्र बुझ्दै मुख्यमन्त्री भट्टले घटनामा संलग्नलाई कारबाही हुने बताएका हुन् । 'दिनेश सञ्चार गृहमा भएको आक्रमणका विषयमा कैलालीका प्रमुख जिल्ला अधिकारीसँग घटनाबारे जानकारी लिएको छु, **कारबाही माग** मुख्यमन्त्री भट्टले भने, (घटनामा संलग्नलाई तत्काल कारबाही हुन्छ ।) महासंघका शाखा अध्यक्ष जगत साउदले ध्यानाकर्षण पत्र बुझाउँदै आक्रमण भएको चार दिन हुँदासम्म पनि संलग्न पक्राउ नपरेकाले दोषीमाथि कारबाही हुनुपर्ने माग गरे । रासस

## नेपालको...

राजाले राष्ट्रिय पञ्चायतलाई आफ्नो इसारामा नचाउन सजिलो हुन्छ । राष्ट्रिय पञ्चायतमा दरबारको चाहना विपरीत हिँड्न खोज्ने सदस्य रहेछन् भने पनि उनीहरूलाई राजाले आफ्नो दर्शनका लागि समय–समयमा दरबारमा बोलाएर फकाउने र धम्क्याउने गर्छन् । यस व्यवस्थामा कुनै पनि व्यक्ति मनोमानी ढङ्गले गिरफ्तार गरिन र बन्दी बनाइन सक्छ । नेपालमा कतिपय त्यस्ता व्यक्ति पनि छन्, जो पञ्चायत व्यवस्था लागू भएका दिनदेखि अहिलेसम्म लगातार बन्दी बनाइएका छन् । विशेषगरी, नागरिकहरूको राजनीतिक अधिकारजस्ता विषयमा न्यायपालिका पटक्कै स्वतन्त्र छैन । सरकारको सर्वोच्च नेतृत्व स्वयम् राजाले गरेका हुँदा नागरिकहरूलाई सरकारविरूद्ध बोल्ने कुनै पनि अधिकार छैन । त्यहाँ राजाले कार्यपालिकाको नेताको हैसियतले शासन र राजाको हैसियतले राज्यसञ्चालन गर्छन् । पिरामिडको ढाँचाको पञ्चायत व्यवस्थामा सबैभन्दा तल्लो तहमा गाउँवासीले निर्वाचन गर्ने गाउँ पञ्चायत छ । गाउँस्तरमा रहेको गाउँ पञ्चायतको निर्वाचन बालिग मताधिकारबाट हुने भएकाले साधारण अवस्थामा जनताको इच्छाको अभिव्यक्ति हुन्छ भन्न सकिएला । तर, राजाद्वारा देशभरि र उनका आदेशपालकद्वारा जिल्ला–जिल्लामा राजनीतिक जीवनमाथि कठोर नियन्त्रण राखिएकाले गाउँ पञ्चायतहरु पनि जिल्ला तथा अञ्चलमा राजाबाट नियुक्त अधिकारीहरुको इच्छाअनुसार चल्ने निकाय मात्र बन्न गएका छन् । समग्रमा यो व्यवस्था नागरिकहरूको मौलिक अधिकार अपहरण गर्ने उद्देश्यले गठन गरिएको हुँदा यसमा कुनै पनि राजनीतिक गुण पाउन सकिँदैन । केही पश्चिमी विचारकहरूले आर्थिक पक्षलाई अघि सारेर भनेका छन्– 'नेपाल र नेपालजस्ता अरू अविकसित मुलुकमा आर्थिक विपन्नताबाट फड्को मारेर र भविष्यको आर्थिक सम्पन्नताको आधार खडा गर्नका लागि केही कालसम्म एकाधिकारवादी वा एक प्रकारको हुकुमी राज्य आवश्यक हुन्छ ।' तर, त्यस्तो आर्थिक आधार खडा गर्न पनि यस व्यवस्थाको कुनै औचित्य छैन । केही पश्चिमा विचारकहरूको दृष्टिमा आर्थिक विपन्नतापछिको सङ्क्रमणकालका लागि स्थापित हुकुमी राज्यले देशलाई सम्पन्नताको बाटोमा हिँडाउन सक्छ । तर, नेपालको राजाको एकतन्त्री शासनले देशको आधुनिकीकरणका लागि चाहिने आर्थिक जग बसाल्न सकेको छ त ? प्रजातन्त्रको ज्योति निभाइएको पञ्चायतीकालमा देशले उन्नति गर्‍यो त ? यस्ता प्रश्नहरूको एउटै दुखद् उत्तर छ, अहँ, छैन । फस्टाएको तस्करी व्यापार र मित्रराष्ट्रहरूको प्रचुर सहयोग प्राप्त हुँदा पनि देशको वार्षिक आर्थिक विकास दुई प्रतिशतमा सीमित छ । त्यो आर्थिक विकासलाई दुई प्रतिशत जनसङ्ख्या वृद्धिले 'जस्ताको त्यस्तै' अवस्थामा पुर्‍याइदिएको छ । यसबीच, विदेशी सहायताबाट बनेका केही सडक र विद्युत् उत्पादन केन्द्रबाहेक कुनै नयाँ उद्योग मुलुकमा स्थापित भएका छैनन् । नयाँ आर्थिक व्यवस्थाको जगमा सम्पन्न समाजको रचनाका लागि एउटा सानो ढुङ्गा पनि राखिएको छैन । यस व्यवस्थाअन्तर्गतको सरकारी आर्थिक नीति, शासनको स्वेच्छाचारी चरित्र र राजनीतिक अस्थिरताको सङ्योजनका कारण राष्ट्रिय र अन्तर्राष्ट्रिय पुँजीपतिहरूको लगानी गर्ने उत्साह शिथिल भएको छ । भर्खरै मात्र देशमा ठूलो आशा र उमङ्गका साथ लागू गरिएको भूमिसुधारले न चाहेअनुरूप भूमिमा सुधार गर्न सक्यो, न त कृषि नै सुधार्न सक्यो । त्यसले त कृषिको अवस्थालाई झन् बिगारेको छ र देशबाट ग्रामीण पुँजीको पलायन हुनमा मद्दत पुर्‍याएको छ । मेरो तात्पर्य, पञ्चायती प्रजातन्त्रले अङ्गीकार गरेको आर्थिक उन्नतिको बहुचर्चित उद्देश्य कुनै किसिमले पनि पूरा भएको छैन भन्ने हो । मैले कुनै देशभक्तिको भावनाले प्रेरित भएर मात्र नेपालको सन्दर्भ विचारार्थ यहाँ प्रस्तुत गरेको होइन । अफ्रिका र एसियामा राजनीतिक स्वेच्छाचारिता र अवरूद्ध अर्थतन्त्रको दुर्भाग्यपूर्ण सम्मिश्रण बेहोरिरहेका अधिकांश देशसँग अरू मुलुकभन्दा बढी नेपालको तुलना हुनसक्ने भएको कारणले मैले नेपाललाई नमुनाको रूपमा यहाँ प्रस्तुत गरेको हुँ । *क्रमश :*


दलित जनकल्याण युवा क्लब, लहान, सिरहा

actionaid NEPAL

## खाद्यान्न तथा कोभिड-१९ रोकथामका लागि स्वास्थ्य सुरक्षा सामग्री खरिद गर्न शिलबन्दी बोलपत्र आह्वानको सूचना

**दोस्रो पटक प्रकाशित मितिः १४ सेप्टेम्वर, २०२० ( २९ भदौ, २०७७)**

**दलित जनकल्याण युवा क्लब सिरहा र एक्सनएड नेपालको संयुक्त साझेदारीमा संचालित आपतकालीन प्रतिकारी योजना कार्यक्रम (Emergency Response Plan) का लागि तपसिल बमोजिमको सामानहरूको आवश्यकता भएको हुँदा राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरूसँग काम गरिसकेका इच्छुक नेपाली इजाजत प्राप्त फर्म/कम्पनीहरूले आवश्यक कागजात संलग्न गरि गोप्य शिलबन्दी बोलपत्र तोकिएको ढाँचामा नमूना सहित मिति १८ सेप्टेम्वर २०२० (०२ असोज २०७७), साँझ ३:०० बजेसम्म बुझाउन आह्वान गरी यो सूचना प्रकाशित गरिएको छ ।**

**तपसिल**

| क्र.सं. | विवरण | परिमाण |
|---|---|---|
| १. | खाद्यान्न प्याकेज ( चामल ,गहुको पिठो, सर्वोत्तम पिठो, चना मटर, मुसुरो दाल, धारा तेल र नुन ) | १,४५० |
| २. | कोभिड १९ रोकथाम किट ( डिजीटल थर्मोमिटर, मास्क, सेनिटरी प्याड, लुगा धुने साबुन र नुहाउने साबुन, ) | १,४८० |
| ३. | माथि उल्लेखित समानहरूको ढुवानी र प्याकेजिङ सहितको मुल्य सिरहाको लहानसम्म | |

**शिलबन्दी बोलपत्र फारम र नियम तथा शर्तहरु दलित जन कल्याण युवा क्लब लहानको कार्यालय लहान–१४ बस्तीपुर प्रदिप गिरि आश्रम र एक्सनएड नेपालको पुर्वाञ्चल श्रोत केन्द्र विराटनगर महानगरपालिका वडा नं. १२ स्थित कार्यलयबाट बिहान १०:०० बजे देखि दिउँसो ३:०० बजेसम्म प्राप्त गर्न सक्नुहुनेछ ।**

### शिलबन्दी बोलपत्र पेश गर्ने ठेगानाहरु

**दलित जन कल्याण युवा क्लब लहानको कार्यालय, लहान-१४,**
प्रदिप गिरि आश्रम, बस्तीपुर सिरहा
प्रदेश नं. २
सम्पर्क नं. ०३३–५६१२९९,
मोवाईल नं. ९८४१३६३३९१, ९८२४७९६९४९

**एक्सनएड नेपाल पुर्वाञ्चल श्रोत केन्द्र**
पाञ्चाली वडा नं. १२, विराटनगर, मोरङ
प्रदेश नं. १ सगरमाथा पार्टी प्यालेस नजिक
फोन नं. ०२१–४७०५७५, ४७१६३७
मोवाईल नं. ९८०४०६८८५५

**नोट :– बोलपत्र फारम बुझाउन आउदा आफूले उपलब्ध गराउने सामानको १/१ प्रति नमुना पनि साथै बुझाउनु पर्नेछ ।**
*(विस्तृत जानकारीको लागि दलित जनकल्याण युवा क्लब लहानको कार्यलय वा एक्सनएड नेपालको पुर्वाञ्चल श्रोत केन्द्र विराटनगरमा सर्म्पक राख्न सकिनेछ ।)*

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाईरसबाट बच्ने उपायहरू :**
**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य नजिकको संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**धनगढीमाई नगरपालिका कार्यालय, सिरहा**

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाईरसबाट बच्ने उपायहरू :**
**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य नजिकको संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**औरही गाउँपालिका कार्यालय, सिरहा**

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाईरसबाट बच्ने उपायहरू :**
**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य नजिकको संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**सिरहा नगरपालिका कार्यालय, सिरहा**

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाईरसबाट बच्ने उपायहरू :**
**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य नजिकको संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**अर्नमा गाउँपालिका कार्यालय, सिरहा**

# स्थानीय सरकार ! खोइ सिंहदरबार ?

## पालिका बहस

धरणिधर अधिकारी



दश वर्षे सशस्त्र माओवादी द्वन्द्व, राजा ज्ञानेन्द्रको शाही शासन र नागरिकमाथिको दमन, २०६२ र ०६३ को ऐतिहासिक जनआन्दोलन र २०६४ को मधेस विद्रोहको प्रतिफल स्वरूप पहिलो संविधान सभाको असफलता पश्चात् संविधान सभा भाग दुईबाट निर्मित र अनुमोदित संघीय लोकतान्त्रिक नेपालको संविधान-२०७२ प्राप्त भएको हो । संविधान निर्माण पूर्व एउटा कथन निकै नै लोकप्रिय थियो । हात लम्काउँदा सिंहदरबार भेटियोस् । यो सिंह दरबार शासन भन्ने शब्द सत्तामा सर्वसाधारण नागरिकको पहुँच र राज्यका श्रोत-साधनमाथि नागरिकको समान अधिकार, न्याय-प्रशासन सेवामा सरलता हुन्छ भन्ने अर्थमा परिलक्षित थियो र रहनेछ । तर आज हजारौं नागरिकको सहादतबाट प्राप्त नागरिक अधिकार सही रूपमा तीनै तहका शक्तिशाली सरकारले प्रयोगमा ल्याएका छन् त ? गम्भिर प्रश्न भएको छ । न त संघीय सरकार हाम्रा जन निर्वाचित प्रतिनिधिको हातमा छ न त प्रादेशिक र स्थानीय सरकार नै । संघीय सरकारको किचेन क्याबिनेटमा माफिया, ठेकेदार, भ्रष्ट र बिचौलियाहरूले हालिमुहाली गरिरहेको कुरा घाम जत्तिकै छर्लंग छ । त्यसैगरि प्रादेशिक सरकार पनि तिनकै वरिपरि रूमल्लिएको प्रष्ट देखिन्छ । पारम्परिक रूपको केन्द्रियतावादी सोचबाट सबै प्रादेशिक सरकारहरु पनि प्रताडित छन् । साथै केन्द्रिकृत संवैधानिक, कानुनी, प्रशासनिक, आर्थिक बेबिलोनमा रूमल्लिएका छन् । तसर्थ कुनै पनि प्रादेशिक सरकार नागरिकको मन जित्न सफल छैनन् ।

सन्दर्भ स्थानीय सरकारको । के स्थानीय सरकारले पनि जन अपेक्षा अनुरूप काम गरिरहेका छन् त ? अनि जन अपेक्षा अनुसार विकास भनेको भौतिक संरचनाहरूको निर्माण मात्रै हो त ? निश्चित रूपमा हाम्रा स्थानीय सरकार र जनप्रतिनिधिहरु प्रत्यक्ष र प्रष्ट देखिने भौतिक निर्माण र त्यस सम्बन्धित कार्यलाइ मात्रै विकास मान्ने र विकासको अत्यन्तै साँघुरो घेराबाट उद्धेलित रहेको प्रष्ट हुन्छ । त्यस कारण भौतिक निर्माणलाई मात्रै विकास मान्ने मानसिकताले नै स्थानीय सरकार आर्थिक पारदर्शिता र जनउत्तरदायित्वबाट बिमुख भैरहेका छन् । करिब सबै जसो स्थानीय सरकारहरु अदालत र अख्तियार धाइरहेका देखिन्छन् ।

स्थानीय सरकारका प्राथमिकतामा सुशासन, सामाजिक-सांस्कृतिक, शैक्षिक, भाषिक, सरसफाई, पर्यावरणीय संरक्षण, मानवीय विकास आदि जस्ता कुराहरु पर्दैनन् । त्यस्तै स्थानीय तहलाई प्राविधिक रूपमा सबल बनाइ नागरिकका कामलाई छिटो छरितो र सरल बनाउने, सूचना अद्यावधिक गर्ने, पालिका प्रोफाइल निर्माण गरि दीर्घकालिन रूपमा पालिकाका परियोजनामा सहजता ल्याउनमा खोई ध्यान ? पालिका सरकार निर्माण भएको पनि तीन बर्ष नाघि सक्यो तर पनि यता तिर सोच्ने फुर्सद भएको छैन । अर्को तर्फ स्थानीय सरकारको प्राथमिकतामा शिक्षा र जनचेतना, भाषिक सांस्कृतिक संरक्षण, आधारभूत स्वास्थ्यको प्रत्याभूति, न्यायिक र मेलमिलाप जस्ता सामाजिक सेवाको पहुँच खोई ? स्वास्थ्य र शिक्षाको निम्नतम् पूर्वाधारको व्यवस्था भएको भए आजको महामारीको अवस्थामा बिषम् परिस्थितिको सामना गर्न सहज हुने थियो । धार्मिक पूरातात्विक क्षेत्रको महत्वलाई ज्ञान विज्ञानको प्रवर्द्धनमा नलगाई तात्कालिक आर्थिक उपार्जनका दृष्टकोणबाट मात्र हेरिएको छ ।

शिक्षा क्षेत्रलाई राजनैतिक हस्तक्षेपबाट कहिले मुक्त गर्ने ? पालिका तहबाटै शिक्षालाई विशुद्ध शैक्षिक र प्राज्ञिक थलोका रूपमा विकास गर्न ढिला भएन र ? त्यतातिर ध्यान खोई ? आजको अवस्था हेर्दा सायद पालिकाको शैक्षिक नेतृत्व शिक्षालयलाई लकडाउन(बन्दाबन्दी) गरेर कुम्भकर्ण जस्तै चीर निन्द्रामा लिन देखिन्छ । नेतृत्वले शिक्षा स्वास्थ्यका क्षेत्रमा दीर्घकालिन नीति र योजना बनाएर अघि बढ्नु पर्ने हैन र ?

एउटा पालिका वा वडा प्रतिनिधि शिक्षा, स्वास्थ्य, कृषि, उद्योग-व्यापार, भाषा-संस्कृति, पूरातात्विक उत्खनन् र प्रवर्द्धन, भौतिक विकास निर्माण आदि सम्पूर्ण क्षेत्रको विज्ञ हुन सक्छ र ? यदि सक्दैन भने उसले हरेक क्षेत्रका विज्ञहरुसंग छलफल र अन्तरक्रिया गरेर विकासमा सबैको स्वामित्व ग्रहण किन नगराउने ? यदि विशेषज्ञ नियुक्ति गरेको भए पनि ती विशेषज्ञ वा समितिहरु राजनैतिक हस्तक्षेपबाट मुक्त छन् त ? जस्ता गम्भिर प्रश्न उब्जिएका छन् ।

गाउँ-गाउँमा सिंहदरबारको खास उद्धेश्य आफ्नो टोल, वडा-पालिकाको योजना छनौट, योजना तर्जुमा, कार्यान्वयन र मूल्यांकनमा स्थानीय नागरिक र प्रतिनिधिको सहभागिता, सुशासनको प्रत्याभूति र प्रशासनिक, सामाजिक न्यायमा पहूँच, संविधान प्रदत्त मौलिक हक अधिकारको प्रत्याभूति, स्थानीय तह र सरकार मार्फत पुऱ्याउनु भन्ने हो । स्थानीय सरकारले यी र यस्ता सेवा पूरा गर्न सकिरहेका छन् त ? नागरिकलाई स्थानीय सरकार सहित संघीयतामा विश्वस्त पार्न सरकारहरु उद्धत छन् त ? यी र यस्ता गम्भिर प्रश्न अनुत्तरित छन् । के ? यस्तो विश्वव्यापी महामारीको छ महिनाको अवधिमा दैनिक रोजगारी गुमाएका, गरिब, दलित, असहाय नागरिकलाई २० किलो चामल, १ किलो दाल, १ किलो नुन र १ लिटर तेल आदिको राहतले संबिधान प्रदत्त खाद्य संप्रभुत्ताको मौलिक अधिकारको खिल्ली उडाएको छैन र ? संविधान प्रदत्त मौलिक अधिकारको सुनिश्चितताकालागि स्थानीय सरकार सहित तीनै तहका सरकारहरु समग्रमा अनुत्तीर्ण देखिन्छन् ।

स्थानीय सरकार संचालन ऐन-२०७४ ले व्यवस्था गरेका विभिन्न धारा उपधाराका साथै अनुसूचि ८ मा लिपिबद्ध गरिएका स्थानीय सरकारका २२ वटा अधिकार मध्ये सरकारले कर, दस्तुर, शुल्क, दण्ड र जरिवाना असुली गर्नतिर र भौतिक निर्माण मात्र विशेष ध्यान केन्द्रित गरेको देखिन्छ । यस तर्फ त स्थानीयले सरकारको हठन पश्चात् रेकर्ड नै कायम गरिरहेको छ । स्थानीय सरकार गठन पूर्व निर्धारित कर, शुल्क, दस्तुर र जरिवाना भने १०० देखि ५०० गुणा सम्म बृद्धि भएको तथ्यांक जहजाहेर छ । जनतामाथि यति धेरै कर, दस्तुर र शुल्कको बोझ बोकाएर स्थानीय सरकार भ्रष्टाचार र अनियमितताको दलदलमा फसिरहेको छ भने सेवा, सुविधा र सामाजिक सुरक्षाका क्षेत्रमा नागरिकले सरकार भएको महसुस गर्न सकेका छैनन् ।

उसले गर्नु पर्ने अन्य काम र अधिकारहरुमा स्थानीय सरकार चुकेको देखिन्छ । स्थानीय सेवा र सुशासन, शिक्षाको माद्यमिक तह सम्मको व्यवस्थापन र संचालन, आधारभूत स्वास्थ्य र सरसफाइ, वातावरण संरक्षण र जैविक विविधता, जेष्ठ र अशक्त नागरिकहरूको व्यवस्थापन, मानसिक स्वास्थ्य गुमेका नागरिकको उचित व्यवस्थापन, सडक बालबालिकाको व्यवस्थापन र स्याहार, बेरोजगारीको लगत संकलन, बिपद् व्यवस्थापन, स्थानीय भाषा संस्कृतिको संरक्षण र विकास आदि जस्ता अधिकारको सही र सफल कार्यान्वयनमा गर्न स्थानीय सरकार सफल देखिएको छैन । साथै आर्थिक पारदर्शिता र सशासनमा पनि नागरिकको मन स्थानीय सरकारले जित्न सकेको देखिन्न । यस्तो स्थितिले देशमा नागरिकहरुको लोकतन्त्र प्रतिको विश्वास गुम्न सक्छ । सिंहदरबार । चेतना भया ।

## उद्योगले ...

मण्डल, प्रदेश सरकारका मुख्य सचीव, सिरहाक प्रजिअ प्रदीपराज कणेलसहित सम्बद्ध निकायका प्रमुखहरुको उपस्थिती थियो । उद्योगले सार्वजनिक जग्गा कब्जा गरेको भन्दै विरोध कार्यक्रम हुँदै आएको छ ।

प्रदेश सरकारले चाँसो लिएर माग सम्बोधनको लागि प्रक्रिया अघि बढाउन निर्देशन दिएकोमा संघर्ष समितिका संयोजक चिरञ्जीवी यादव र अगुवा रामदयाल यादवले धन्यवाद ज्ञापन गरेका छन् ।

## खानेपानीमा ...

गरे । आयोजना सुरूवातको ३ वर्षमा २७६ घर लाभान्वित भनेर गाउँमा ३८ ठाउँमा सार्वजानिक धारा जडान गरियो । डेढवर्ष सम्म आयोजना राम्रसँगै चलपनि अहिले बन्द छ ।

यी चार वटामा मात्रै होइन, सिरहाका विभिन्न स्थानमा १५ वर्षयता निर्माण सुरू भएको ६५ वटा आयोजना पूरा हुन नसकेको खानेपानी तथा सरसफाई डिभिजन कार्यालय राजविराजले जनाएको छ ।





निर्माणाधिन अवस्थामा रहेको आयोजना पूरा नहुँदै प्रदेश २ का सरकारले सिरहामा फेरी ४ वटा आयोजना थप गरेको कार्यालयले जनाएको छ ।


भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर — जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ — राष्ट्रिय दैनिक — लहानपोस्ट् LAHANPOST DAILY

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य नजिकको संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य नजिकको संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।



सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य नजिकको संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।



भगवानपुर गाउँपालिका कार्यालय, सिरहा



लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)